का.जि.प्र.का.द.नं. १००/०५९/६०

२५ फागुन २०८०,
शुक्रबार
8 March 2024,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २२, अंक २४ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



# आक्रामक कांग्रेस

**प्रधानमन्त्रीको बोली र व्यवहारमाथि प्रश्न उठाउँदै कांग्रेसले संसदमा दह्रोरुपमा प्रस्तुत हुने मात्रै भनेको छैन, सत्ता गठबन्धनको विकल्प खोज्ने प्रष्ट संकेत गरेको छ ।**



“प्रधानमन्त्रीजी एकचोटी सोच्नुस् जम्मै धोका पाएकाहरु एक दिन तपाईंका विरुद्ध एक ठाउँमा उभिए भने कहाँ पुग्नुहोला ? खाली ख्याल गर्नुहोला, हेक्का राख्नु होला । यति मात्र आग्रह छ ।

**रमेश लेखक**
**प्रमुख सचेतक, कांग्रेस**

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, २४ फागुन ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डप्रति नेपाली कांग्रेसले आक्रामक हुने संकेत गरेको छ । प्रचण्डलाई ‘राजनीतिक बेइमानी’को संज्ञा दिएको कांग्रेसले बिहीबार संसदमा आक्रामक प्रस्तुती दिएको छ। प्रधानमन्त्रीको बोली र ब्यवहारमाथि प्रश्न उठाउँदै कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले संसद्मा दह्रो रुपमा प्रस्तुत हुने मात्रै भनेको छैनन्, सत्ता गठबन्धनको विकल्प खोज्ने समेत प्रष्ट संकेत गरेका छन् ।

१५ महिनाको बीचमा प्रचण्डले एमाले र कांग्रेस दुबै दललाई धोका दिएको पनि उनले स्मरण गरे । प्रचण्डबाट धोका पाएका दलहरु एक ठाउँमा उभिनसक्ने उनको संकेत छ । यदि त्यसो भयो भने प्रचण्ड कहाँ पुग्लान् भनी लेखकले प्रश्न गरे ।

प्रचण्डले कांग्रेससँगको गठबन्धन तोडेर एमाले समेतको समर्थनमा मन्त्रिपरिषद पुनर्गठन गरेपछि प्रतिनिधि सभामा बिहीबार प्रतिनिधि सभाको बैठकमा दलहरुले सम्बोधन गरेका थिए । त्यसक्रममा कांग्रेसका प्रमुख सचेतक लेखकले ‘म त कुन निष्कर्षमा पुग्या छु भने अब धोका दिन कोही बाँकी रहेन । तर एकचोटी सोच्नुस् यी जम्मै धोका पाएका एक दिन एक ठाउँमा उभिए तपाईंका विरुद्ध भने कहाँ पुग्नुहोला ? खाली ख्याल गर्नुहोला, हेक्का राख्नु होला । यति मात्र आग्रह हो ।’

कांग्रेस महासमिति बैठक स्थलमा हिन्दु धर्मको पक्षमा हस्ताक्षर अभियान चलाएको, बैठकमा प्रस्तुत दस्तावेजहरुमा माओवादी जनयुद्धलाई अपमान गर्ने खालका शब्दावली प्रयोग गरेको लगायत आरोप लगाउँदै माओवादी केन्द्रले कांग्रेससँग सत्ता सहकार्य गर्न नसकिने निष्कर्ष निकालेर एमालेसँग गठबन्धन गरेको थियो ।

प्रधानमन्त्री समेत रहेका माओवादी अध्यक्ष प्रचण्डले विहीबारको संसद बैठकमा पनि तिनै विषय दोहोऱ्याएका थिए । यस सम्बन्धमा जवाफ फकाउँदै कांग्रेस प्रमुख सचेतक लेखकले आफ्नो पार्टी संविधानमा भएको व्यवस्था अनुसार धर्मनिरपेक्षतामा अडिग रहेको बताएका छन् । एमालेका दस्तावेजहरुमा पनि माओवादीविरुद्ध लेखिएको भन्दै उनले ती दस्तावेजका अंश वाचन गरेर पनि सुनाए ।

## प्रधानमन्त्रीले ३० दिनभित्र विश्वासको मत लिनुपर्ने

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विश्वासको मत लिनुपर्ने भएको छ । बिहीबार बसेको नेपाली कांग्रेसको संसदीय दलको बैठकले सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेसँगै प्रचण्डले ३० दिन भित्र विश्वासको मत लिनुपर्ने भएको हो ।

१० पुस २०७९ मा एमाले, रास्वपा सहित १० दलको समर्थनमा प्रधानमन्त्री भएका प्रचण्डले २६ पुस २०७९ मा पहिलो पटक विश्वासको मत लिएका थिए । त्यसबेला उनले २७५ सदस्यीय प्रतिनिधि सभामा २६८ मत पाएका थिए । चुनाव अगाडिको गठबन्धनमा आफू इमानदार भएको, तर कांग्रेसले धोका दिएको साथै चुनाव पछाडि कांग्रेसले चुनाव अगाडि गरेको सहमति अनुसार आफूलाई प्रधानमन्त्री बनाउन तयार नभएका कारण एमाले, रास्वपा सहितको दलको समर्थनमा सरकारको नेतृत्व गर्नुपरेको प्रधानमन्त्री प्रचण्डको भनाइ थियो । प्रचण्ड नेतृत्वको सरकारमा ६४ दिन बसेर १५ फागुन २०७९ मा एमाले सरकारबाट बाहिरिएको थियो । २५ फागुनमा राष्ट्रपतिमा कांग्रेसका उम्मेदवार रामचन्द्र पौडेललाई जिताएपछि प्रचण्डले ६ चैत २०७९ मा प्रतिनिधि सभामा विश्वासको मत लिइका थिए ।

एमालेसँगको सहकार्य तोडेका प्रधानमन्त्री प्रचण्डलाई त्यसबेला कांग्रेस, माओवादी, एकीकृत समाजवादी, जसपा, लोसपा, नाउपा, जनमत पार्टी र स्वतन्त्र समेत गरी १७२ जना सांसदले विश्वासको मत दिएका थिए । यो गठबन्धन एक वर्ष पनि टिकेन । १७ चैत २०७९ मा शपथ लिएका कांग्रेसका मन्त्रीहरु २२ फागुन २०८० मा बर्खास्तीमा परे । एमालेसँग नयाँ गठबन्धन बनापपछि प्रचण्डले तेस्रो पटक विश्वासको मत लिनुपर्ने भएको हो ।

## विपक्षी बेञ्चमा बसे ११७ सांसद

सत्ता समीकरण फेरिए सँगै संसदमा दलहरुको आसन बदलिएको छ । नेपाली कांग्रेस प्रमुख प्रतिपक्षी बेन्चमा सरेको छ भने नेकपा एमाले सत्ता पक्षको बेञ्चमा बसेका छन् । संसद सचिवालयका अनुसार बिहीबारको प्रतिनिधि सभा बैठकमा नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), जनता समाजवादी पार्टी (जसपा), एकीकृत समाजवादी र नागरिक उन्मुक्ति पार्टी (नाउपा) सत्तापक्षको बेञ्चमा बसेका छन् ।

एमालेका ७८, माओवादी केन्द्रका ३२, रास्वपाका २१, जसपाका १२, एकीकृत समाजवादीका १० र नाउपाका ४ जना सांसद छन् । सत्तापक्षमा यी दलहरुको १५७ सांसद छन् । २७५ सदस्यीय प्रतिनिधि सभामा एउटा पद रिक्त छ । बाँकी नेपाली कांग्रेस, राप्रपा, लोसपा लगायतका दलहरु विपक्षी बेञ्चमा बसेका छन् । जो सँग ११७ सांसद छन् ।

# सत्ताको आशक्ति

**मधेश विद्रोहबाट राष्ट्रिय राजनीतिमा उदाएका उपेन्द्र यादवका पछिल्ला निर्णय हेर्दा उनी चरम सत्ता आशक्तिमा डुबेको पुष्टि हुन्छ ।**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ फागुन ।



जनता समाजवादी पार्टी (जसपा) बाट सरकारको नेतृत्व पार्टी अध्यक्ष उपेन्द्र यादव आफैले गर्ने भएका छन् । बिहीबार बसेको जसपाको कार्यकारिणी समिति बैठकले अध्यक्ष यादवकै नेतृत्वमा सरकारमा जाने निर्णय गरेको हो । नेता राजेन्द्र श्रेष्ठका अनुसार, यादव उपप्रधानमन्त्री सहित स्वास्थ्य तथा जनसंख्या मन्त्री हुनेछन् । अर्को मन्त्री नवलकिशोर साह हुनेछन् । नवलकिशोरले वन तथा बातावरण मन्त्री पाउनेछन् । दीपक कार्कीलाई राज्यमन्त्री बनाउने जसपाले निर्णय गरेको छ ।

यसअघि जसपाबाट अशोक राईले सरकारमा पार्टीको नेतृत्व गरेका थिए । राई विज्ञान, प्रविधि तथा शिक्षा मन्त्री थिए । अर्का मन्त्री थिए विरेन्द्रप्रसाद महतो । तर जसपाले राई र महतोको साटो अध्यक्ष यादव र साह सरकारमा जाने भएका छन् ।

गत वर्ष राई र साह सरकारमा जाँदा अध्यक्ष यादव भने सांसद थिएनन् । सप्तरी-२ बाट जनमत पार्टीका अध्यक्ष सिके राउतसँग फराकिलो अन्तरले उपेन्द्र यादव पराजित भएका थिए । तर अध्यक्ष यादव जसरी पनि संसदमा फर्कने चाहना राखे । त्यसैले उनले आफूपछि बरियतामा रहेका राईलाई संसदीय दलको नेता समेत बन्न दिएनन् । पार्टी महासचिव रामसहायप्रसाद यादवलाई दलको नेता बनाए ।

अनि तत्कालीन सत्ता गठबन्धनसँग उपराष्ट्रपति कोटामा लिए । माओवादी केन्द्रले आफ्नो भागमा परेको उपराष्ट्रपति जसपालाई दियो । जसपाले तिनै रामसहायप्रसादलाई उम्मेद्वार बनायो । रामसहायप्रसाद निर्वाचित भएको बारा-२ रिक्त भएकाले त्यहाँ उपनिर्वाचन भयो ।

उपनिर्वाचनमा उपेन्द्र यादव आफै चुनाव लडे । सत्ता गठबन्धनबाट उम्मेद्वार बनेर जितेर आए । चुनाव जिते लगत्तै उपेन्द्र सरकारमा जान चाहन्थे । तर अशोक राईलाई हटाउन सक्ने अवस्थामा थिएनन् ।

गत २१ फागुनमा सत्ता गठबन्धन परिवर्तन भएपछि भने उपेन्द्रलाई सरकारमा जाने बाटो खुला भयो । नेकपा एमाले, माओवादी केन्द्र र रास्वपाले पुरानै मन्त्रीहरुलाई निरन्तरता दिदा उपेन्द्र यादवले मन्त्रीहरु फेरेर आफै सरकारमा जाने निर्णय लिए । यसले उपेन्द्र यादवमा सत्ताको आशक्ति कुन तहसम्म पुगेको छ भन्ने देखाउँछ । उपेन्द्रको सत्ता मोह पहिलोपटक भने होइन । २०६४ सालको चुनावबाट अप्रत्यासित मत पाएको उनको दल सत्तामा सहभागी हुने निर्णयकै कारण विभाजित भएको थियो ।

उपेन्द्रले आफू सरकारबाट हटेपछि फेरि सरकारमै नजाने निर्णय गर्दा २०६६ सालमा विजय गच्छेदारले पार्टी फुटाएका थिए । गच्छदार अहिले कांग्रेसमा विलय भइसकेका छन् । तर उपेन्द्र यादवले भने एकपछि अर्को पार्टीसँग एकता र फेरि विभाजनको चक्र रोकेका छैनन् । यी सबै निर्णयहरुको केन्द्रमा उनले सत्तालाई राखेको देखिन्छ ।

# रेशम चौधरीलाई अध्यक्षको मान्यता दिन अस्वीकार

**शिव विक/मध्यान्ह**
काठमाडौं, २४ फागुन ।



रेशम चौधरीलाई नागरिक उन्मुक्ति पार्टीको अध्यक्षको मान्यता दिन निर्वाचन आयोगले अस्वीकार गरेको छ । आयोगले बिहीबार सर्वोच्च अदालतबाट ज्यान मुद्दामा दोषी ठहर भएका चौधरीलाई पार्टीको अध्यक्ष हुन अयोग्य हुने व्याख्या गरेको हो ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले राजनीतिक दलसम्बन्धी ऐनले तोकेको योग्यताबमोजिम अदालतको फैसलाका आधारमा चौधरी दलको अध्यक्ष हुन योग्य नहुने निर्णय गरिएको जानकारी दिए । ‘राजनीतिक दल सम्बन्धी ऐनले फौजदारी कसुरमा सजाय भुक्तानी गरेको कुनै पनि व्यक्तिलाई राजनीतिक दलको सदस्य हुन दिँदैन,’ प्रवक्ता शर्माले भने, ‘त्यस अनुसार नाउपाको अभिलेख अद्यावधिक हुन सकेन ।’

गत पुस २७ गते कैलालीमा भएको महाधिवेशनले रेशमलाई अध्यक्ष घोषणा गरेको थियो । त्यस अनुसार विवरण अद्यावधिक गरिदिन चौधरीले आयोगमा निवेदन दिएका थिए । तर, निर्वाचन आयोगले निवेदन बमोजिम नाम अद्यावधिक गर्न अस्वीकार गरेको हो । रेशमलाई अस्वीकार गरेको आयोगले साविककी अध्यक्ष रञ्जिता श्रेष्ठको नेतृत्वमा रहेको केन्द्रीय समितिलाई नै सदर गरेको छ ।

आयोगले आफूलाई अध्यक्षको मान्यता दिन अस्वीकार गरेपछि रेशमले भने

पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# साढे पाँच करोड बढी ठग्ने तामाङद्वय थुनामा

**काठमाडौं/रासस–** वैदेशिक रोजगार न्यायाधिकरणले वैदेशिक रोजगार कसुरमा विकास बाइवा भन्ने सुजन तामाङ र अर्जुन तामाङ भन्ने कर्मा तामाङलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको छ । न्यायाधिकरणका अध्यक्ष कृष्ण गिरी, सदस्यद्वय निशा बानियाँ र उद्धबप्रसाद पुडासैनीको इजलासले उनीहरूविरुद्ध तीन सय ३७ जनाको किटानी जाहेरी परेको तथा पाँच करोड ५० लाख भन्दाबढी रकम हिनामिना गरेकाले पुर्पक्षका लागि पठाउने आदेश गरेको हो ।

यूरो विइङस एजुकेसन कन्सल्ट्यान्सीको नाममा तामाङद्वयले वैदेशिक रोजगारीमा माल्टा, क्रोएसिया, क्यानडा, पोल्याडलगायत देशमा पठाइदिन्छौं भन्दै प्रलोभन दिएर उक्त रकम ठगी गरेको अभियोग छ । तमाङद्वयले वैदेशिक रोजगारीमा नपठाएपछि वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम कारबाही गरी पाउँ भनि लक्ष्मण कटुवालसमेत तीन सय ३७ जनाको किटानी जाहेरी परेकामा अनुसन्धानको क्रममा कागज गर्ने इन्द्रमाया गुरुङ समेतले जाहेरी दिएकी छन् ।

न्यायाधीकरणले यूरो विइङस एजुकेसन कन्सल्ट्यान्सी विकास वाइवाको नाममा दर्ता भएको तर वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजतपत्र नलिएको पाइएको बताएको छ । विदेश जानका लागि भिसालगायतको प्रक्रियामा पैसा लाग्ने भन्दै सानिमा विकास बैंक र एनएमबी बैंकको खातामा पाँच करोड ५१ लाख १४ हजार पाँच सय १० जम्मा गर्न लगाइएको पीडितहरूले बयान दिएका थिए ।

आदेशमा ‘अभियोगमा उल्लेखित दसीको रुपमा दाखिला हुन आएका वा १८ च ३५१४ नम्बरको क्रेटा गाडी र बा १५ च ४१९२ नम्बरको टकसन गाडीसमेत हस्तान्तरण नपाउने गरी रोक्का राख्न सम्बन्धित यातायात कार्यालयमा लेखी पठाइ उक्त गाडी यस न्यायाधिकरणको जिन्सी खातामा आम्दानी बाँधी सुरक्षित राख्नू’ भनिएको छ । त्यसैगरी ल्यापटप, मोबाइलसमेतका

पृष्ठ २ मा

## विदेश पठाउने भन्दै ठग्ने तीन पक्राउ

**काठमाडौं/मस–** वैदेशिक रोजगारका लागि बेलायत, माल्दिभ्स र दुबई पठाइदिन्छु भनि रकम ठगी गरेको आरोपमा प्रहरीले तीन जनालाई राजधानीका विभिन्न ठाउँबाट पक्राउ गरेको छ ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले मोरङ उर्लाबारी नगरपालिका ९ घर भइ हाल ललितपुर २५ भैंसेपाटी बस्ने लक्ष्मी लिम्बूलाई रविन सैजुसमेत ४ जनालाई वैदेशिक रोजगारीका लागि युके पठाइदिन्छु भनि २९ लाख ८८ हजार रुपैयाँ रकम लिएको उजुरीका आधारमा पक्राउ गरेको बताएको छ । लिम्बू उक्त रकम हात पारेपछि

पृष्ठ २ मा


## कुवेतमा रोजगारको अवसर

कम्पनी: AL-GHANIM & AL MAYA GEN TRAD CO W.L.L. शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०८०/११/२३ चलानी नं.:६०२१६०८० LT. No.: 301264

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Data Operators | 2 | 0 | सम्बन्धित काममा दक्ष | 145 | ६२,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Sales Promoter | 0 | 3 | | 145 | ६२,३१० | | | | | | | |
| 3. | Stock Pickers | 5 | 0 | | 120 | ५१,५६७ | | | | | | | |
| 4. | Warehouse Helpers | 2 | 0 | | 110 | ४७,२७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत २ गते (15 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SGMC
Gov. Lic No. 1219/074/075

SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.
(साविक सुर्खेत ओभरसिज प्रा.लि)

Sinamangal-9, Kathmandu | Tel: 4573705 | 4594457
Email: info@shermanconsultants.com | hr@shermanconsultants.com
Mob: 9851235143, 9851330429, 9803636760, 98020293991, 9841136727, 9844064089, 9869120271

मध्यान्ह
www.madhyanhadaily.com

२५ फागुन २०८०, शुक्रबार
8 March 2024, Friday

# अविचलित भइ आफ्नो कर्तव्यपथमा अडिग रहन प्रधानसेनापतिको निर्देशन

**काठमाडौं/मस-** प्रधान सेनापति प्रभुराम शर्माले नेपाली सेना नेपाल कानूनले इङ्गित गरेका अधिकार र जिम्मेवारीको परिधिभित्र रहेर स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाका लागि जस्तोसुकै परिस्थितिको सामना गर्दै जीवनको आहुती दिन तत्पर अनुशासित सिपाहीहरुको सङ्गठन भएको बताएका छन् ।




महाशिवरात्री तथा २६१ औँ सेना दिवसको अवसरमा नेपाली सेनाका बहालवाला तथा अवकाश प्राप्त सकलदर्जा, सेनामा कार्यरत निजामती कर्मचारी एवं परिवारजनलाई शुभकामना व्यक्त गर्ने क्रममा जङ्गी अड्डामा बिहीबार आयोजित विशेष कार्यक्रममा प्रधान सेनापतिले 'विभिन्न तह र तप्कामा रही उच्च मनोबल र हौसलाका साथ स्वदेश र विदेशमा अनवरत रुपमा खटिई रहेका सकलदर्जालाई' धन्यवाद दिए । उनले सदैव यस्तै मनोबलका साथ अविचलित रही आफ्नो कर्तव्यपथमा अडिग रहने विश्वास व्यक्त गरे । सामूहिक नेतृत्व र सामूहिक योगदानबाट सञ्चालन हुँदै आएको संस्था नेपाली सेनाका सकलदर्जालाई सदैव व्यक्ति भन्दा संस्था माथि रहने स्मरण गराउँदै उनले पदभन्दा प्रतिष्ठा ठुलो हो भन्ने कहिल्यै नविर्सन सुझाव दिए ।

प्रधान सेनापतिले त्यस अवसरमा 'संविधानप्रदत्त जिम्मेवारी निर्वाह गर्दा, हामीसँग उपलब्ध स्रोतसाधनको समुचित सदुपयोग गरी, बदलिंदो विश्वपरिवेश अनुकूल मापदण्ड हासिल गर्न नेपाली सेनाको नेतृत्वपंक्तिबाट आधुनिकीकरण, व्यावसायिकरण र आत्मनिर्भरताका लागि हरसम्भव प्रयास भइरहेको' जानकारी गराउँदै यसका लागि 'नेपाली सेनाको दीर्घकालीन सोच-२०८७ ले निर्देश गरे अनुरुप राष्ट्रिय सुरक्षा, संगठन सञ्चालन, व्यावसायिक तालिम, पेसागत वृत्तिविकास, सबल बन्दोवस्ती प्रणाली र कल्याणकारी कार्य लगायतका विषयहरुमा समयसापेक्ष आधुनिकीकरण र सुधार गर्दै लैजाने प्रयास भइरहेको बताए ।

प्रधान सेनापतिले संस्थागत हित र सैनिक आचरण विपरीतका गतिविधिमा संलग्न रहने एवं व्यक्ति भन्दा संस्था सदैव माथि रहने तथ्य बुझ्न नसक्ने वा नचाहनेहरुले यथोचित परिणाम भोग्नुपर्ने यथार्थ बारे सेनाका सकलदर्जालाई सजग तुल्याउँदै संस्थाभित्रका अवसरहरु सकेसम्म धेरैले उपभोग गर्ने वातावरण बनाउन निरन्तर प्रयास भैरहेको जानकारी गराए ।

नेपाली सेना नेपाली जनताको आशा, भरोसा र विश्वासको जगमा स्थापना भएको र यसको समावेशी चरित्रलाई थप मजबुँद बनाउन एवं देशका हरेक कुनामा रहेका युवालाई राष्ट्र रक्षार्थ स्वःस्फूर्त नेपाली सेनामा समावेश भई मातृभूमिको सेवामा लाग्न सहज तुल्याउन देशका दुर्गम र विकट जिल्लाहरूलाई समेट्ने गरी सैन्य भर्ना केन्द्रहरू खोलिएको बताए ।

प्रधान सेनापतिले ऐतिहासिक महत्वका सैन्य सम्पदा (गढि तथा किल्लाहरु) को सम्बर्ध्दन र प्रवर्ध्दन गर्ने कार्यलाई भविष्यमा पनि निरन्तरता दिने कुरा बताउँदै राष्ट्रिय गौरव एवं सेनाको प्रतिष्ठासँग जोडिएका काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजना लगायत दार्चुला-टिंकर, खाँदवारी-किमाथाँका, वेनीघाट-लार्केभञ्ज्याङ्ग र कर्णाली करिडोर सडक आयोजनाहरुमा सन्तोषजनक प्रगति भइरहेको कुरा उल्लेख गरे ।

नेपाली सेनालाई बन्दोवस्ती सामग्रीहरुको आपूर्तिमा आत्मनिर्भर बनाउन प्रयास भैरहेको जानकारी दिँदै प्रधान सेनापतिले सकलदर्जाको पेसागत दक्षता अब्बल बनाई राख्न तालिम गतिविधिलाई प्राथमिकता दिइएको बताए। राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय सम्बन्धी विधेयक स्वीकृतिको प्रकृयामा रहेको एवं पूर्वाधार निर्माण र तालिम सञ्चालन मोडालिटी तयारीको कार्य अपेक्षाकृत रुपमा अघि बढिरहेको भन्दै उनले नेपाली सेनाले निर्वाह गर्दै आईरहेका प्रकृति संरक्षण, विपद् व्यवस्थापन, अन्तर्राष्ट्रिय शान्ति स्थापना लगायतका जिम्मेवारीहरु उत्कृष्ट ढंगले पुरा गर्दै नेपाली सेनालाई हरेक क्षेत्रमा उत्कृष्ट र अब्बल बनाइराख्न योगदान पुऱ्याउने सबैलाई धन्यवाद ज्ञापन गरे ।

# आज महाशिवरात्रि
## सेना दिवस र नारी दिवस पनि मनाइँदै

**काठमाडौं/मस-**प्रत्येक वर्षको फागुन कृष्ण चतुर्दशी मध्यरातमा परेका दिन मनाइने महाशिवरात्रि पर्व आराध्यदेव भगवान् शिवको विधिपूर्वक पूजा-आराधना गरी आज देशभर मनाइँदैछ ।

वैदिक सनातन हिन्दू धर्मावलम्बी आज बिहानैदेखि नदी, कुण्ड र तलाउमा स्नान गरी शिवालयमा गई श्रद्धाभक्तिपूर्वक पूजा-आराधना गर्दछन् । शिवजी उत्पत्ति भएको रातका नामबाट नामकरण भएको यो पर्व कालरात्रि, मोहरात्रि, सुखरात्रि र शिवरात्रि नामक चार प्रमुख रात्रिमध्ये एक पवित्र पर्वका रूपमा शिव पुराणलगायतका ग्रन्थमा उल्लेख छ।

फाल्गुन कृष्ण चतुर्दशीका दिन मनाइने यस पर्वलाई दीनदुःखी र कष्टपूर्ण अवस्थामा रहेका प्राणीको हृदयमा धर्मको उदय गराउने आशुतोष भगवान् शिवको अति प्यारो दिनका रूपमा पनि लिइन्छ । माघ महिनामा महादेवको रुद्रत्व अर्थात् जगत्लाई रुवाउने वा संहार गर्ने तत्वले गर्दा पत्रविहीन भई जीर्ण भइरहेका रूख, बिरुवा तथा झारहरू उनै महादेवको शिवत्व (जगत्को कल्याण गर्ने तत्व) ले गर्दा फागुनमा पलाउन थाल्ने हुनाले शिवरात्रि मनाउने गरिएको हो भन्ने भनाइ छ । व्रतमध्ये सर्वोत्तम कहलिएको महाशिवरात्रिका दिन आज भक्तजनले शुद्ध भई शिव मन्दिरमा पूजा-अर्चना गरी व्रत बस्ने र भगवान् शिवको प्रिय वस्तु दूध, धतुरो र बेलपत्र चढाउने गर्छन् । यस पर्वका दिन उपवास गरी रातभर जाग्राम बसे सर्वसिद्धि लाभ भई यमलोक जानु नपर्ने धार्मिक विश्वास छ । आजको दिन भगवान् महादेवलाई जाडो हुने जनविश्वासले प्रत्येक घर, चोक र मठ-मन्दिरमा दाउरा मागेर धुनी जगाई भजनकीर्तनका साथ सोही आगोमा प्रसाद बनाई ग्रहण गरिन्छ ।राष्ट्रिय सांस्कृतिक पर्वका रूपमा रहेको यो दिन आज



पशुपतिनाथमा रातको चार प्रहरमा चार प्रकारका पूजाका अतिरिक्त महादीप, अखण्डदीप, लक्ष्यबत्ती तथा दीपोत्सवका साथै लाख बेलपत्र अर्पण गरिन्छ। कैलाशकुट र किराँतेश्वरका सङ्गीत आश्रममा शास्त्रीय नाचगान गरिन्छ । भगवान् श्री महादेवको दर्शन गर्न र शिवरात्रि पर्वको मेला भर्न आज देशभरका विभिन्न भागलगायत छिमेकी राष्ट्र भारतका तीर्थयात्रीको पशुपतिनाथ मन्दिरमा घुइँचो लाग्छ ।

**सैनिक मञ्च टुँडीखेलमा शुक्रबार सेना दिवस**

नेपाली सेनाले आफ्नो स्थापनाको २६१औँ वार्षिकोत्सवका शुक्रबार मुलुकभर विविध सैनिक कला, सांस्कृतिक एवं साङ्गीतिक प्रस्तुतिकासाथ मनाउँदै छ।

राष्ट्रपति रामचन्द्र पौडेल शिवरात्रि तथा सेना दिवसका अवसरमा नेपाली सेनाद्वारा सैनिक टुँडीखेलमा आयोजना हुने विशेष समारोहमा प्रमुख अतिथिका रूपमा सहभागी हुनेछन् । नागरिकको आस्था र भरोसाको केन्द्रविन्दुका रूपमा रहेको नेपाली सेनाको उनी परमाधिपति हुन् । सेनाले महाशिवरात्रिको दिनलाई सेना दिवसका रूपमा मनाउँदै आएको र त्यस अवसरमा सैनिक मञ्चमा परेड (शस्त्राभ्यास) तथा तोप बढाइँ, कवाजलगायत विविध सांस्कृतिक कार्यक्रम सञ्चालन हुनेछन्।

सेना दिवस समारोहमा यसपटक मौलिक नेपाली संस्कृति र परम्पराको जगेर्ना गर्ने उद्देश्यका साथ तीन सय महिला र तीन सय पुरुष सैनिकले एकसाथ लोपोन्मुख थाली नृत्य प्रस्तुत गर्ने कार्यक्रम रहेको नेपाली सेनाका प्रवक्ता कृष्णप्रसाद भण्डारीले जानकारी दिए । त्यस अवसरमा नेपाली सेनाका साथै भारत, बेलायत र संयुक्त राज्य अमेरिकाका सेनाको साङ्गीतिक प्रस्तुती हुनेछ।

जङ्गीअड्डा मातहत पृतना, बाहिनी, गण र गुल्ममा पनि विभिन्न कार्यक्रम आयोजना गरिनेछ । प्रधानसेनापति प्रभुराम शर्माले नेपाली सेना कानुनको परिधिभित्र रही स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाका लागि जस्तोसुकै परिस्थितिको सामना गर्दै जीवनको आहुती दिन तत्पर अनुशासित सिपाहीको संगठन रहेको बताएका छन् । यसैबीच ११४औँ अन्तर र्राष्ट्रिय महिला दिवस नेपालमा पनि विभिन्न कार्यक्रमको आयोजना गरि मनाइँदैछ।

हरेक वर्ष मार्च ८ तारिखका दिन यो दिवस मनाउने गरिन्छ । नारी मुक्ति आन्दोलनकी अभियन्ता क्लारा जेट्किनले सन् १९११ मार्च ८ मा महिला कामदारमाथि भएको श्रम शोषणविरुद्ध आवाज उठाएको दिनको स्मरणमा विश्वभर महिला दिवस मनाउने प्रचलन छ। दिवसको अवसरमा राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री लगायतले शुभकामना दिएका छन्।

# काठमाडौं महानगरपालिकाले पुनः शुरु गऱ्यो स्रोतमै फोहोर वर्गीकरण




**काठमाडौं/मस-** काठमाडौं महानगरपालिकाले स्रोतमा नै फोहोर वर्गीकरणको काम पुनः शुरु गरेको छ । कामपा-१० मा बिहीबारदेखि वडामा उत्पादन हुने सबै किसिमका फोहोर स्रोतमा नै वर्गीकरणको अभ्यास थालनी गरेको हो । करिब दुई वर्षअघि कामपाले ३२ वटै वडाबाट स्रोतमा फोहोर वर्गीकरण गरेर मात्रै अन्तिम व्यवस्थापन स्थल बञ्चरेडाँडामा लाने काम शुरु गरेपनि प्रभावकारी नभएपछि आजदेखि पुनः शुरु गरेको हो ।

लामो समयदेखि कामपा वडा नं १० को फोहोर संकलन गरिरहेको निजी संस्था एक्सन वेष्ट र मेट्रो सिटी वेष्ट म्यानेजमेन्टलाई परिचालन गरेर अभ्यास थालिएको कामपा वातावरण व्यवस्थापन विभागका प्रमुख रवीनमान श्रेष्ठले जानकारी दिए ।

उनका अनुसार स्रोतमा वर्गीकरण गरिएका फोहोर संकलन गर्ने सवारीसाधनमा कुहिने र नकुहिने फोहोर छुट्टाछुट्टै राख्न कोठा बनाइएका छन् । 'स्रोतमा फोहोर छुट्याएर कुहिने फोहोरलाई घरमै मल बनाउन प्रोत्साहन गरेका छौँ', प्रमुख श्रेष्ठले जानकारी दिए ।

कामपाले यस वडामा मात्रै नभई ३२ वटै वडामा क्रमिकरुपमा स्रोतमा नै फोहोरको वर्गीकरण र व्यवस्थापनको तयारी गरेको छ । अब चाँडै २९ वडामा उक्त कार्य सुरु गरिने उनको भनाइ छ। घरेलु फोहोरको दिगो व्यवस्थापनका लागि स्रोतमा वर्गीकरण गर्ने अभ्यासलाई वडा नं २७ मा माघ २१ देखि थालिएको हो । वडामा घरघरबाट वर्गीकरण गरिएको फोहोर छुट्टाछुट्टै संकलन गर्ने गरिएको छ । कुहिने फोहोरलाई टेकु ट्रान्सफर स्टेशनमा ल्याएर जैविक मल बनाउने कार्य कामपाले शुरु गरिसकेको छ ।

के हो, फोहोर वर्गीकरण ?

'भान्छामा कुहिने र नकुहिने गरी दुई खालका फोहोर निस्कन्छन्। कुहिनेलाई छुट्टै र नकुहिनेलाई छुट्टै भाँडामा राख्नु वर्गीकरण हो । नकुहिने फोहोर उत्पादक आफैंले बेच्न सक्छन् । कुहिने फोहोर आफैंले पनि मल बनाउन सकिन्छ', विभागका प्रमुख श्रेष्ठले भने। उनका अनुसार मल बनाउन सकिएन भने कामपाको फोहोर संकलन गर्न आएको सवारी साधनमा राखेर पठाउन सकिन्छ ।

तरकारी (साग सब्जी), बढी भएको खानेकुरा, माछा मासु, हड्डी, अण्डा, चियाको छोक्रा, फलफूलका बोक्रा, खानेकुरा केलाउँदा आएको वस्तु, रुखका पातलगायत कुहिने फोहोर हुन् । त्यस्तै प्लाष्टिक, सिसा, कागज, कपडा, जुत्ता, सामान प्याक भएर आएका सामान, काठ, रबर, सिमेन्टको ब्याग, बोतलहरु, फलामलगायत वस्तु नकुहिने फोहोर हुन् ।

यससँगै सेनेटरी प्याड, डाइपर, विषादीको खाली बोटल, म्यान नाघेका औषधि, मास्क, व्यक्तिगत सुरक्षा पोसाक (पिपिइ), पञ्जा, फुटेका सिसा, घर आँगल बढार्दा आएको धुलो तथा माटो पनि फोहोरका रुपमा संकलन हुन्छ । हिजोआज सहरी क्षेत्रमा सेनटरी प्याडभन्दा औषधि र डाइपरजन्य फोहोरको मात्रा बढ्दै गएको छ । यस्तो फोहोर कुहिने र नकुहिने फोहोर राख्ने भाँडाको नराखी अर्को छुट्टै भाँडामा राख्नुपर्ने कामपा वातावरण व्यवस्थापन विभागको भनाइ छ ।

### रेशम...

आक्रोशपूर्ण प्रतिक्रिया जनाएका छन् । आफ्नो पार्टी सिध्याउने खेल अन्तर्गत नै यस्तो निर्णय आएको उनको टिप्पणी छ । 'नागरिक उन्मुक्ति पार्टी सिध्याउने खेल, हामी हरेस खान्नौं,' चौधरीले फेसवुकमा लेखेका छन्, 'पटक-पटक न्याय मरेपनि म मरेको छैन । चाल बुझ्केको थिएँ, बाघचाल हो भन्ने थाहै भएन । बाघ बूढो भएपछि बस्तीमा पस्छ रे, बस्तीमा गोरु खान पल्केका सबै बाघ बनमै फर्किन्छन् भन्ने कुनै ग्यारेन्टी हुन्न ।'

२०७२ सालमा कैलालीको टीकापुरमा ७ सुरक्षाकर्मी र एक नाबालकको ज्यान गएको घटनामा दोषी ठहर गर्दै चौधरीलाई सर्वोच्च अदालतले जन्मकैदको सजाय तोकेको थियो । तर, गत जेठ १५ गते गणतन्त्र दिवसका अवसरमा राष्ट्रपति रामचन्द्र पौडेलबाट उनले कैद मिनाहा पाएका थिए । त्यसको चर्को विरोध भएको थियो ।

### साढे...

जिन्सी समानको आम्दानी बाँध्नू र अभियोग साथ दाखिल हुन आएको नगद रकम धरौटी आम्दानीमा बाँध्न आदेश भएको छ । पीडितको उजुरीपछि नेपाली प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले ती गाडीलाई नियन्त्रणमा लिएको छ ।

अदालतले उक्त मुद्दामा मिसिल संलग्न किटानी जाहेरी दरखास्त इन्द्रमाया गुरुङसमेतले मौकामा गरेको कागज, जाहेरवाला विजयकुमार तिमिल्सिना समेतले गरिदिएको सनाखत मुचुल्का, प्रतिवादीको बैंक खातामा रकम जम्मा भएको देखिने बैंक भौचर, बैंक स्टेटमेन्टले उनीहरू निर्दोष हुन् भन्न सकिने अवस्था नरहेको ठहर गरेको छ ।

आदेशमा भनिएको छ, 'पीडितको संख्या, कसुरको बिगो र प्रतिवादीबाट हुनसक्ने थप जोखिम विश्लेषणपछि प्रमाण बुझ्दै जाँदा ठहरबमोजिम हुनेगरी प्रतिवादीलाई मुलुकी फौजदारी कार्यविधिसंहिता, २०७४ को दफा ६७ बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी आदेश पर्चा गरिदिएको छ ।'

आदेशमा अदालतबाट अन्तिम भएको फैसला कार्यान्वनलाई सहज र प्रभावकारी बनाउने, मुद्दाको कारबाहीको क्रममा प्रतिवादीबाट प्रमाण लोप हुनबाट जोगाउने, अभियुक्तप्रतिको सामाजिक आक्रोश कम गर्ने, मुद्दाको कारबाहीको क्रममा अभियुक्तको उपस्थितिलाई सुनिश्चित गर्ने, अपराधबाट पीडित बन्न पुगेका पक्षलाई न्यायको अनुभूति दिलाउनुपर्ने उल्लेख गरिएको छ ।

आदेशमा भनिएको छ, 'अभियुक्त स्वयमको सुरक्षाको प्रत्याभूति दिने, मुद्दाको कारबाहीको क्रममा पीडित तथा साक्षीलाई हुनसक्ने सम्भावित जोखिमलाई कम गर्ने गरी पीडित तथा साक्षीको सुरक्षा गर्ने र अभियुक्तलाई पुनः अपराध गर्नबाट रोक्ने जस्ता थुनछेकका उद्देश्यलाई विचार गरी थुनछेकको आदेश गर्नुपर्ने हुन आउँछ ।'

### विदेश...

फरार भएकी थिइन् । त्यसैगरी प्रहरीले वैदेशिक रोजगारीका लागि दुबई पठाइदिन्छु भनि ठगी गरेको उजुरीका आधारमा नवलपरासीको कावासोती घर भइ हाल काठमाडौंको टोखा नगरपालिका वडा नं. ६ ग्राण्डी बस्ने सुशिला राईलाई पनि पक्राउ गरेको छ । राईले भिमबहादुर सिंहसमेत २ जनालाई दुबईमा सेक्युरिटी गार्डको काम लगाइदिने र त्यसका लागि प्रतिव्यक्ति ५ लाख ५० हजार रुपैयाँ लाग्ने बताएर मासिक एक लाख रुपैयाँ तलब हुन्छ भनि विश्वास दिलाइ प्रलोभनमा पारी पीडितहरुबाट ५ लाख ७५ हजार रुपैयाँ लिएको उजुरी परेको प्रहरीले बताएको छ ।

त्यस्तै माल्दिभ्स पठाइदिन्छु भनि रकम ठगी गरेको उजुरीका आधारमा प्रहरीले म्याग्दीको बेनी घर भइ हाल काठमाडौंको टोखा बस्ने सुनिल शाहीलाई पनि पक्राउ गरेको छ । शाहीले सुनबहादुर गोलेलाई वैदेशिक रोजगारीका लागि माल्दिभ्स पठाइदिने र त्यसका लागि ३ लाख ५० हजार रुपैयाँ लाग्ने बताएर प्रतिष्ठित कम्पनीमा ड्राइभिङ काम लगाइदिन्छु भनि तीन लाख पचास हजार रूपैयाँ लिएर सम्पर्कविहीन भएको अवस्थामा पक्राउ गरिएको प्रहरीले बताएको छ ।

पक्राउ परेका तीनै जनालाई अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ ।

## अवैधरूपमा लैजान लागेको सुनसहित एक जना पक्राउ

**काठमाडौं/मस-** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक पार्किङ एरियाबाट अन्दाजी ५८ ग्राम तौलको सुन जस्तो देखिने पहेंलो रंगको ब्रासलेट १ थानसहित एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा सिरहा धनगढीमाई नगरपालिका-४ ठेगाना भएका २६ वर्षीय सूर्य नारायण साह रहेका छन् ।

बाह्य मुलुकबाट नेपाल आगमन भएका यात्रुलाई भन्सार छलि गर्न लगाई अवैध रूपमा संकलन गरी लैजान लागेको उक्त तौलको सुनसहित फेला पारी उनलाई प्रहरीले पक्राउ गरेको हो । उनलाई आवश्यक अनुसन्धान एवम् कारबाहीको लागि त्रिभुवन विमानस्थल भन्सार कार्यालय गौचरमा बुझाइएको छ ।

# लागुऔषधसहित एक जना पक्राउ





**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, २४ फागुन

उदयपुरमा लागुऔषधसाहित एक जना पत्राउ परेका छन्। पक्राउ पर्नेमा चौदण्डीगढी नगरपालिका ६ सातधारे बस्ने अन्दाजी ३१ वर्षीय विजय राई रहेको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालयबाट संयुक्तरुपमा खटिएको टोलीले चौदण्डी नगरपालिका ५ सिवाईबाट राईलाई लागुऔषधसहित पक्राउ गरेको हो । उनको साथबाट लुपिजेसिक ३०, डाईजेपाम ३० र फेनार्गन ३० गरी जम्मा ९० एम्पुल लागुऔषध बरामद गरिएको प्रहरीले जनाएको छ ।

पक्राउ परेका उनलाई जिल्ला अदालत उदयपुरबाट सात दिनको म्याद लिइ अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

**MALAYSIA मा रोजगार** | कम्पनी: F & B STATION RESTAURANT
शहर: Malaysia, PERDAGANGAN

पूर्व स्वीकृत मितिः २०७९/०७/२७ चलानी नं.: ६०१९११५३ LT. No.: 275394 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Crew | 7 | 0 | स. काममा दक्ष | 1500 | ४१,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत २ गते (15 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

BLUE OCEAN RECRUITMENT
Government Licence No.:1163/073/074
ISO Certified 9001:2015

**BLUE OCEAN RECRUITMENT PVT. LTD.**
ब्लु ओशियन रिक्रुमेन्ट प्रा. लि.
New Baneshwor-10, Kathmandu 4576215, 4591772
info@blueoceanmanpower.com www.blueoceanmanpower.com

**Cyprus को Hotel Line मा पुरुषहरुलाई रोजगारको अवसर**

१.कम्पनी: Mavromatis Employment Bureau Ltd., Cyprus, Larnaca
पूर्व स्वीकृती मिति:-२०८०।११।२४ चलानी नं. ६०२१६१४८ LT.No.301182

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 13 | काममा दक्ष | 560 | ८०,५०५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Kitchen Assistant | 7 | | 560 | ८०,५०५।- | | | | | | | |

२.कम्पनी: Mavromatis Employment Bureau Ltd., Cyprus, Larnaca
पूर्व स्वीकृती मिति: २०८०।११।२३ चलानी नं. ६०२१६१०१ LT.No. 301184

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 5 | काममा दक्ष | 700 | १,००,६३२।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

३.कम्पनी: Mavromatis Employment Bureau Ltd., Cyprus, Larnaca
पूर्व स्वीकृती मिति: २०८०।११।२३ चलानी नं. ६०२१६१०५ LT.No. 301185

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bartender | 5 | काममा दक्ष | 700 | १,००,६३२।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

४.कम्पनी: Mavromatis Employment Bureau Ltd., Cyprus, Larnaca
पूर्व स्वीकृती मिति: २०८०।११।२३ चलानी नं. ६०२१६१०० LT.No. 301183

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chamber Maids | 10 | काममा दक्ष | 500 | ७१,८८०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु. ३०,०००।- |

अन्तर्वार्ता २०८० चैत्र २ गते (15 March, 2024) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

APPS
Govt. Lice. No.: 1172/073/074
**Apps Services Pvt.Ltd.**
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
website: appsgroup.net, Email:- infoapps1172@gmail.com

# सिण्डिकेट चिर्न उपभोक्ता सचेत बन्नुपर्छ : सभापति खान




**काठमाडौं/मस–** उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापति अब्दुल खानले आम उपभोक्ताहरु सिण्डिकेटको सिकार भएको बताएका छन् ।

पछिल्लो समय बजारमा सिण्डिकेट समस्या चुलिइरहेको अवस्थालाई मध्यनजर गर्दै तराई विकास तथा सञ्चार केन्द्र नेपालले आयोजना गरेको 'बजारमा बढ्दै गएको सिण्डिकेट प्रणाली र आम उपभोक्तामा परेको असर' विषयक कार्यक्रममा बोल्दै सभापति खानले सो कुरा बताएका हुन् ।

मौका छोपेर उपभोक्ता हित संरक्षण विपरीत उपभोग्य बस्तुमा कालोबजारी तथा आफूखुसी मूल्य वृद्धि गर्ने कार्य भइरहेको बताउँदै उनले त्यस्ता कार्य रोक्न आफ्नो समितिले सरकार र सरोकारवाला निकायलाई पटक-पटक निर्देशन दिएको जानकारी समेत गराए । तर सरोकारवाला निकायले भने आफूले दिएको निर्देशनलाई बेवास्ता गर्ने गरेको उनले आरोप लगाए ।

बजारमा व्याप्त रहेको सिण्डिकेट रोक्न उपभोक्ता आफैं सचेत हुनुपर्नेमा उनले जोड दिए । गुणस्तरहीन बस्तु बिक्री वितरण गरी खेलबाड गरेमा त्यसविरुद्ध क्षतिपूर्तिको माग दाबी गर्दै मुद्दा हाल्नसमेत सभापति खानले आग्रह गरे । कार्यक्रममा काठमाडौं जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेतले बजारमा देखिएको विकृति न्यूनीकरणका लागि स्वयम् उपभोक्ताहरु सचेत हुनुपर्नेमा जोड दिए । बस्नेतले आफूले पाएको जिम्मेवारी सबैले वहन गर्नुपर्नेमा जोड दिए । प्रमुख जिल्ला अधिकारी बस्नेतले उपभोक्ता हित संरक्षण तथा प्रवर्द्धनका क्षेत्रमा प्रभावकारी काम गर्न नसकेको भएपनि सुस्त नभएको जिकिर गरे ।

यस्तै प्रहरी वरिष्ठ उपरीक्षक सोमेन्द्रसिंह राठौरले बजारमा देखिएको सिण्डिकेट तोड्न नेपाल प्रहरी हदैसम्म निर्मम भइरहेको जानकारी गराए ।

कार्यक्रममा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक तीर्थराज चिलुवालले बजारमा जताततै सिण्डिकेट रहेको भन्दै त्यसलाई रोक्नका लागि विभाग सक्रिय भएर लागेको बताए ।

पछिल्लो समय पाँच तारे होटलहरुमा समेत अखाद्य बस्तुको प्रयोग भइरहेको जानकारी गराउँदै उनीहरुलाई समेत विभागले कारबाही गरेको महानिर्देशक चिलवालले दाबी गरे ।

राजस्व अनुसन्धान विभागका उपमहानिर्देशक नवराज अधिकारीले स्वस्थ र स्वच्छ बजार निर्माणका लागि उपभोक्ता, व्यापारी, नियमनकारी निकाय सबै सक्रिय हुनुपर्नेमा जोड दिए । व्यापारी तथा व्यवसायीहरु राजस्व छलीका गतिविधिमा संलग्न भएको भन्दै उनले त्यस्ता अनुचित गतिविधि रोक्नका लागि विभाग सक्रिय भएको दाबी गरे ।

दुग्ध वितरण आयोजना बालाजुका प्रमुख गणेश यादवले दुग्ध विकास संस्थान पनि सिण्डिकेटमा परेको बताए । उनले किसानले पाउनुपर्ने दुधको मूल्य भुक्तानी हुन नसक्नुको कारण उत्पादित दुग्ध पदार्थ स्टक रहनु भएको बताए ।

राष्ट्रिय उपभोक्ता मञ्च नेपालका अध्यक्ष प्रेमलाल महर्जनले नेपाली जनता बिचौलियाको मारमा परेको बताए ।

दुध, चीनी, माछामासु, तरकारी तथा चामलमा सिण्डिकेट र कार्टेलिङ्ग भइरहेको जानकारी गराउँदै उनले दैनिक काम गरेर जीवन गुजारा गर्ने मानिसहरु यतिबेला निकै समस्यामा परेको बताए ।

कार्यक्रममा समाचारपत्र दैनिकका सम्पादक सागर पण्डितले राज्य संयन्त्र नै माफिया, तस्कर र बिचौलियाको नियन्त्रणमा रहेकाले आम उपभोक्ता मारमा परेको बताए । कार्यक्रमका अध्यक्ष तथा नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव गोविन्द प्रसाद चौलागाईंले उपभोक्ता हित संरक्षणसम्बन्धी सरकारी तथा गैरसरकारी संघ संस्थाहरुले काम गरिरहेको भएपनि उपभोक्ताको हित संरक्षण तथा प्रवर्द्धनमा नतिजा नदेखिएको बताए । कार्यक्रममा नेपाल सरकारका अधिकारीहरु, उपभोक्ता हित संरक्षणसम्बन्धी संघ संस्थाका प्रतिनिधि, कानून व्यवसायीहरुलगायत राष्ट्रिय सञ्चार संस्थाका सम्पादक तथा प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

# लू जोखिम व्यवस्थापनसम्बन्धी सचेतना



**पवन जायसवाल/मध्यान्ह**
नेपालगञ्ज, २४ फागुन

नेपाल रेडक्रस सोसाइटी बाँके जिल्ला शाखाको आयोजनामा तातो हावाको लहर (लू) जोखिम सचेतना विषयक विद्यालय शिक्षकहरुको लागि अभिमुखीकरण तालिम सम्पन्न भएको । विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई तातो हावाको जोखिमबाट बचाउन जनचेतना अभिवृद्धि गर्ने अभिप्रायले शिक्षकहरुलाई यो तालिम दिएको छ।

तालिममा गर्मी बढ्नुको कारण, हिटवेभ भनेको के हो ?, बच्ने उपाय, जोखिममा पर्ने समूह, आगामी दिनमा गरिने कार्य लगायतका विषयमा प्रशिक्षण दिएको थियो भने विद्यालय स्तरमा सञ्चालन गरिने अभिमुखीकरणको कार्ययोजना समेत निर्माण गरिएको छ ।

अमेरिकन रेडक्रसको सहयोग र नेपालगञ्ज उपमहानगरपालिकाको सहकार्यमा नेपाल रेडक्रस सोसाइटी बाँके शाखाद्वारा नेपालगञ्ज उपमहानगरपालिका क्षेत्रमा तातो हावाको लहर (लू) जोखिम व्यवस्थापन कार्यक्रम सञ्चालन भइरहेको छ। नेपालगञ्ज उपमहानगरपालिका वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक समीर प्रताप सिंहले तातो हावाको लहरबाट हुने जोखिम कम गर्न रेडक्रसको सहकार्यमा उप-महानगरापालिका क्षेत्रमा जनचेतना अभिवृद्धि गरिरहेको बताए ।

यसरी नेपाल रेडक्रस सोसाइटी बाँके शाखाका सभापति गोवर्द्धन सिंह सम्झनाले तातो हावाको प्रभाव सबै वर्ग र समूहमा हुने गरेको जस मध्ये बालबालिका, वृद्धा र दिर्घरोगीलाई बढी प्रभावित हुने गरेको बताए। नेपालगञ्ज उपमहानगरपालिका शिक्षा, युवा तथा खेलकूद महाशाखाका प्रमुख गोरखबहादुर थापा, वातावरण इन्जिनियर एवं विपद् फोकल पर्सन प्रकाश डि.सी. र नेपाल रेडक्रस सोसाइटी बाँके शाखाका उपनिर्देश दोलखबहादुर डाँगीले तातो हावाको लहर (लू) को बारेमा सहजीकरण गरेका थिए ।

# मानव बेचबिखन गर्ने कार्यमा संलग्न व्यक्ति पक्राउ

**काठमाडौं/मस–** बुटवलको कपडा पसलमा काममा लगाइदिन्छु भन्दै भारत पुऱ्याइ मानव बेचबिखन गरेको अभियोगमा एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा नवलपरासी पूर्व विनयी त्रिवेणी गाउँपालिका-३ घर भएका २५ वर्षीय जीवन भन्ने रिक मन राई रहेका छन् ।

राईले फेसबुक मार्फत चिनजान भएकी पीडितलाई रोजगारी लगाईदिने प्रलोभनमा भारतको मुजफ्फरपुरमा लगेर बन्धक बनाई राखेको अवस्थामा नेपाल फिर्ता ल्याइएको छ । मानव बेचबिखन तथा ओसारपसार मुद्दामा वारदात पश्चात फरार रहेका राईलाई मानव बेचबिखन अनुसन्धान ब्यूरोबाट खटिएको प्रहरीले प्रहरी वृत्त कालिमाटीको सहयोगमा पक्राउ गरेको हो ।

मासिक ४० देखि ५० हजार रूपैयाँ तलब पाइने पसलमा काममा लगाईदिने प्रलोभन देखाई भारत मुजफ्फरपुरस्थोत मोर्डन फेसन टेड्र मार्क नामक कम्पनीमा बुझाएको, कम्पनीमा काम गर्न ७ दिने तालिम लिनु पर्छ भनि १६ हजार रूपैयाँ लिएको, तालिम सकेपश्चात कम्पनीमा लगानीको लागि जबरजस्ती १ लाख ८० हजार रूपैयाँ लिएको तथा कम्पनीको होस्टलमा बन्धक बनाई राखेको समेत अनुसन्धानको क्रममा खुल्न आएको छ ।

# सुदूरका पहाडी जिल्लामा हराउँदै छलिया, हुडकेली नाच

**दिपकराज भट्ट/मध्यान्ह**
डडेल्धुरा, २४ फागुन



डडेलधुरा लगायतका सुदूर पहाडमा निकै प्रख्यात मानिने छलिया,हुडकेली नाच पछिल्लो समयमा लोप हुँदै गएको छ । छलिया नाच विशेष गरी गाउँघरका विवाहमा देख्न सकिन्थ्यो, तर पछिल्लो समयमा ब्याण्ड बाजाको चलन आएपछि छलिया नाच लोप हुँदै गएको हो ।

हुड्केली नाच हुड्काको तालसँग नाचिन्छ । पश्चिम नेपालको चर्चित देउडा भाकामा गाइने हुड्केली गीतमा पौराणिक कथा, राजा महाराजाहरू गाथाको वर्णन र पुराना लडाईका कथाहरू समावेश गरिन्छ। जसलाई स्थानीय भाषामा कर्खा अथवा भारत भनिन्छ ।

विवाह ब्रतबन्ध पास्नी तथा अन्य शुभ कार्यहरूमा यो नाच नाच्ने गरिन्छ। हुड्को डमरु जस्तै एक हातले समातेर बजाउन मिल्ने बाजा हो। यो नाच नाच्नेले टाउकोमा सेतो फेटा पगडी बाँधेको हुन्छ, भने सेतो नै पहिरन लगाएको हुन्छ र रातो कपडा छड्के पारेर कम्मरमा बाँधेको हुन्छ । प्रायः वीरगाथा गाइने यस नाचमा ताण्डव नृत्यमा एक जनाले गाउने र अरुले साथ दिने गर्छन् भने छलिया नाचमा नाचसँगै विभिन्न प्रतिभा देखाउने गरिन्छ । गीतको लयसँगै नाच पनि गरिन्छ ।

पछिल्लो समयमा लोप हुँदै गएका यी नाचहरु कुनै पनि निकायको ध्यान जान सकेको छैन्।

छलिया र हुडकेली नाच संरक्षणका लागि डडेल्धुरा उद्योग वाणिज्य संघले आयोजना गरेको डडेल्धुरा छैटौं महोत्सवमा डडेल्धुरामा रहेको ज्ञानुदय, माउन्टेन र क्यामब्रीज स्कुलले बिहीबार छलिया र हुडकेली नाच प्रदर्शन गरेका थिए ।

यसरी हुने मेला महोत्सवमा प्रदर्शनीले पछिल्लो युवा पिडिमा छलिया र हुड्केली नाचको बारेमा जानकारी दिने गरेको छ । यसको प्रचार-प्रसार गर्नु सकेका यसले सुदूरका पहाडी जिल्लालाई पनि चिनाउनेछ ।

# अवरुद्ध सडक सुचारु

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, २४ फागुन

हुलाकी राजमार्ग अन्तर्गत अवरुद्ध बर्दियाको गुलरिया राजापुर सडकखण्ड सुचारु भएको छ । मधुवन नगरपालिका र प्रशासनको रोहवरमा भएको छलफलमा टिपर मालिकले मृतकका परिवारलाई बीमा वापतको रकमसहित १० लाख उपलब्ध गराउने र दोषीलाई कानून बमोजिमको कारबाही गर्ने सहमतिपछि सडकखण्ड बिहीबार दिउँसोदेखि सुचारु भएको हो ।

बुधबार टिपरको ठक्करबाट साइकलमा सवार धर्म बहादुर थापाको मृत्यु भएपछि दोषीलाई कारबाही र उचित क्षतिपूर्तिको माग गर्दै स्थानीय तथा मृतकका आफन्तले सडक अवरुद्ध गरेका थिए ।

मधुवन नगरपालिका वडा नं. ५ बस्ने अन्दाजी ४९ वर्षीय थापालाई बुधबार ८ नम्बर गाउँमा भे.१ क १४८१ नम्बरको टिपरले ठक्कर दिँदा उनको घटनास्थलमै मृत्यु भएको थियो । टिपर र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०८०/०२/३२ मा दर्ता भएको **प्रा.लि.नं. ३१४१६७** को **इमानुयल मेडिकल एण्ड पोलिक्लिनिक प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/११/२४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०८०/०१/२५ मा दर्ता भएको **प्रा.लि.नं. ३१२१७० को टि.एफ ग्रुप प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/११/२४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**जापानमा रोजगार** BOSO ADVANCEMENT COOPERATION, JAPAN
पुर्व स्विकृति मिति: २०८०।११।२४ चलानी नं. ६०२१६१३८ LT No. 301163

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब YEN | ओभर टाइम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्नेदिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Automobile Mechanics | 2 | 0 | सम्बन्धित कामका दक्ष | 188753 | क.नी. अनु-सार | ८ घण्टा | ५ दिन | क.नी. अनु-सार | छैन | छ | ३ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:** (क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर: १८ वर्ष देखि ३२ वर्ष ननाघेको हुनुपर्नेछ (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको सहकारी वा सामुदायीक संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने । **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:** (क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुन: काममा लगाउनेछु भनी सम्वन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र ।(ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्केपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफे कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजातको प्रतिलिपी

१) **दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति :** स्थान यस प्रा लिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र २) **प्रशिक्षार्थीले तिर्नुपर्ने** (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको ) कुल खर्च : जम्मा रु ५०,०००।- मात्र ३) **प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान: अन्तरवार्ता: मेनपावर कार्यालयमा २०८०/१२/०२ गते हुनेछ ।**

**नोट: वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ वमोजिम महिला, दलित, आदिवासि, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवम् दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यक्तिलाई नेपाल सरकारले तोक वमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ ।**

**वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोस् । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोस्। ३. यस विज्ञापन सूचनामा उल्लेख भए भन्दा वढी रकम कसैलाई नदिनुहोस्। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम अनिवार्य लिनुहोस्। ५. अनिवार्य रुपमा विमा गराउनुहोस्। ६. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस्। सो को १ प्रति आफुसँग राख्नुहोस्। ७. श्रम स्वीकृतीविना वैदेशिक रोजगारीमा नजानुहोस्। वैदेशिक रोजगारीमा जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोस्। वैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस् । इजाजतप्राप्त रोजगार प्रा. लि. मा गई आवश्यक कुरा बुझ्नुहोस्। अन्यथा ठगिने सम्भावना हुन्छ। ८. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क गर्नुहोस्। ९. काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस्। १०. काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस्। ११. करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।**

**श्रम इजाजत नं.: ३०५/०५९/६०** **उम्मेदवार कडा शारिरिक परिश्रम गर्न सक्ने र जापानिज भाषा जानेको हुनुपर्नेछ।**

HIMALAYAN JOB EXPLORER
**हिमालयन जब एक्स्प्लोरर प्रा. लि.**
पाटन ढोका, ललितपुर, फोन नं: 01-5520080, 5520081 email: info@himalayanjob.com.np

**KUWAIT र UAE मा वैदेशिक रोजगारको अवसर**

कम्पनी: **ALSALAMAH INTERNATIONAL COMPANY FOR FACILITIES PROTECTIONS** शहर: **Kuwait**
पूर्व स्वीकृत मिति: २०८०/११/२४ चलानी नं.: ६०२१६१६३ LT. No.: 301277

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 5 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६४,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard | 40 | 13 | | 125 | ५३,७१६ | | | | | | | |

कम्पनी: **AFAL SECURITY AND CLEANING SERVICES LLC** शहर: **UAE**
पूर्व स्वीकृत मिति: २०८०/११/०६ चलानी नं.: ६०२१५१५४ LT. No.: 300192

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,२९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 50 | 0 | | 800 | २८,८६४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० चैत २ गते (15 March 2024) मा हुनेछ ।**
**बाजेको सेकुवा, पोखरा, कास्कीमा २०८० चैत ३ गते (16 March 2024) मा हुनेछ ।**
**अन्तर्वार्ता केबिआर होटल, दमक, झापामा २०८० चैत ४ गते (17 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**एयरपोर्टमा Security मा काम भएकोले English राम्रोसँग बोल्नु सक्नेले मात्र अन्तर्वार्तामा सहभागी हुनुहोला ।**

